


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com

सङ्कटमा लैङ्गिक हिंसाको
रोकथाम;
तीनै तहका सरकारले
निर्माण गरौं
नयाँ आयाम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०४ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 17 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०१

## जिल्ला प्रशासनबाट मुआवजा वितरण हुने

प्रस, वीरगंज, ३ चैत/

वीरगंज–२५ श्रीसियाको ६२ बिघा जग्गा अधिग्रहणको मुआवजा वितरण अब जिल्ला प्रशासन कार्यालय पर्साबाटै हुने भएको छ । मुआवजा वितरणमा चरम ढिलाइ भएपछि समयभित्र नबाँडे बजेट फिर्ता जाने भएपछि जिल्ला प्रशासन कार्यालय पर्सा अग्रसर भई काम शुरू गरिसकेको प्रमुख जिल्ला अधिकारी आसमान तामाङले जानकारी दिए ।

ड्राइपोर्ट भन्सार र आइसिपी भन्सारबीचको ६२ बिघा जग्गा अधिग्रहणपछि मुआवजा दिने क्रममा दुईवटा सरकारी कार्यालयबीच तालमेल नमिल्दा ढिलाइ भइरहेको थियो । मुआवजा वितरण गर्ने अधिकार जिल्ला प्रशासन कार्यालय पर्सालाई भएपनि श्रीसिया सुक्खा बन्दरगाहले हस्तक्षेप गरी आवेदन सङ्कलन गने पनि सोअनुरूप कार्यसम्पादन नगरेको कारण मुआवजा वितरणमा ढिलाइ भइरहेको थियो ।


मुआवजा वितरणको लागि प्रजिअ तामाङलाई ज्ञापन बुझाउँदै । तस्वीरः फाइल

जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको मुआवजा वितरण समितिको बैठकले दक्ष जनशक्तिसहित सरोकारवाला मालपोत तथा भूमिसुधार कार्यालयका प्रतिनिधिहरू जिप्रकामैं दैनिक कार्य गर्ने तथा छिटोभन्दा छिटो काम सकाएर भुक्तानी दिने तयारी भएको प्रजिअ तामाङले बताए ।

गत माघ ७ गते जिल्ला प्रशासन कार्यालय, पर्साले जग्गा अधिग्रहणमा परेका ९ सय ९९ जनालाई ३० दिनभित्र आवेदन दिन सूचना प्रकाशित गरेको थियो। तर मुआवजा तथा क्षतिपूर्ति निर्धारण समितिकहाँ निवेदन दिनुपर्नेमा श्रीसिया सुक्खा बन्दरगाह भन्सारका प्रमुख डा लालबहादुर खत्रीले हस्तक्षेप गरी उक्त मुआवजाका निवेदनहरू ड्राइपोर्ट भन्सारमा सङ्कलन गरी मालपोत कार्यालयमा फाइल पठाउँदा कसैले नटेरेपछि अहिलेसम्म एकजनाले पनि मुआवजा पाएका छैनन्। नियम अनुसार जग्गाधनीले ड्राइपोर्ट भन्सारको नाममा जग्गा नामसारी गरेपछि मात्र जिल्ला प्रशासन कार्यालयले भुक्तानी दिने प्रावधान छ। ड्राइपोर्ट भन्सारका प्रमुख खत्रीका अनुसार मालपोत कार्यालयलाई ६२ बिघामध्ये खेत र सरेह गरी १५ बिघा जतिको मोठ भिडाएर कित्ता मिलान गरी ड्राइपोर्ट भन्सारको नाममा पुर्जा बनाइदिन सिफारिश भइसकेको र अन्य काम बाँकी रहेको छ ।

प्रजिअ तामाङले भने– "जिप्रका पर्साले मूल्याङ्कन निर्धारण गरी सूचना प्रकाशन गऱ्यो तर ड्राइपोर्टका प्रमुख आफैंले अन्य प्रक्रियाको लागि सहजीकरण गर्ने भनी जिम्मा लिनुभएको थियो ।"

(बाँकी अन्तिम पातामा)

## वडा कार्यालय भवन निर्माणको विषयमा विवाद

प्रस, पर्सागढी, ३ चैत/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा निर्माण हुन लागेको वडा कार्यालय भवनको विषयलाई लिएर वडाध्यक्ष र वडासदस्यबीच विवाद भएपछि काम रोकिएको छ ।


तस्वीरः प्रतीक

आव २०७७/०७८ को लागि वडा कार्यालय भवन निर्माण गर्न नगरपालिकाले रु २० लाख पठाएको

(बाँकी अन्तिम पातामा)

## ओली नेतृत्वको सरकारमा काङ्ग्रेस जाँदैन –सिटौला

प्रस, सप्तरी, ३ चैत/

नेपाली काङ्ग्रेसका प्रभावशाली नेता कृष्णप्रसाद सिटौलाले केपीशर्मा ओली नेतृत्वको सरकारमा नेपाली काङ्ग्रेसले सहकार्य नगर्ने बताएका छन्। सिटौलाले ओलीको विश्वास गर्न नसकिने र उनमा राजनीतिक इमानदारिता नरहेको आरोप लगाए ।

मङ्गलवार सप्तरीको राजविराजमा प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा नेता सिटौलाले काङ्ग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीसँग मिलेर सरकारमा जान तयारी भइरहेको जानकारी दिए ।

राष्ट्रपतिले बोलाएको सर्वदलीय बैठकमा नयाँ सरकार गठनबारे केही कुरा आउन सक्ने भन्दै उनले काङ्ग्रेसको नेतृत्वमा माओवादी केन्द्र र जसपासहितको सहभागितामा अबको सरकार बन्नुपर्ने दाबी गरे । "काङ्ग्रेस नेतृत्वको सरकारले मात्रै अब मुलुकलाई निकास दिन सक्छ," सिटौलाको कथन थियो ।

पूर्वगृहमन्त्रीसमेत रहेका सिटौलाले भने, "सर्वोच्चको फैसला लगत्तै प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने थियो । तर प्रधानमन्त्रीको अभिव्यक्ति सुन्दा राजीनामा दिने लक्षण पनि देखिंदैन ।" अब माओवादीले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीलाई विश्वासको मत लिन बाध्यात्मक स्थिति आउने र विश्वासको मत लिन नसके स्वतः सरकर ढल्ने सिटौलाले बताए ।


तस्वीरः सौजन्य

मतदाताले प्रतिपक्षको भूमिकामा आफूहरूलाई राखेको भए तापनि लोकतन्त्र र संवैधानिक व्यवस्था बचाउन आवश्यक परेमा सरकारको नेतृत्व लिन पार्टी सभापतिलाई सुझाव दिइसकेको उनले बताए । पार्टी सरकारमा गए वा नगए पनि पार्टीको महाधिवेशन प्रभावित हुनु नहुने तर्क गर्दै सिटौलाले निर्धारित मिति आगामी भदौ महीनामा महाधिवेशन हुनै पर्ने बताए। महाधिवेशनमा सभापति पदका लागि आवश्यक परे तयारी गरिने उनले जनाउ दिएका छन् ।



**सिमेन्टझैं नरम भएर सम्बन्ध बनाऊ र सम्बन्ध कसिलो बनाउन सिमेन्टझैं कडा बन ।**

**-विचारसार र सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सस्तो हुनुपर्छ

**आजको मानिसलाई सस्तो चीज चाहिन्छ । सस्तो भएपछि त्यो जतिसुकै हानिकारक किन नहोस् मानिसको आकर्षण बढेको पाइन्छ । त्यसै सस्तो वस्तुमध्ये एक हो, प्लास्टिकजन्य पदार्थ, जुन सस्तोबाहेक कति लाभकारी छ, त्यो त रसायनशास्त्रीहरूले बताउलान् तर यसले विश्वलाई अस्तव्यस्त पारिदिएको छ । अब बिस्तारै प्लास्टिकजन्य दुर्गुणबारे समाजले थाहा पाउन थालेको छ र यसको बहिष्कारको कुरा उठ्न थालेको छ । तर सस्तो र 'उपयोग गर फ्याँक'जस्तो हाम्रो मनोविज्ञानलाई पायक पर्ने हुँदा यसको नयाँनयाँ प्रयोग बढिरहेको छ । अब मानिसको प्रत्येक आवश्यक वस्तु प्लास्टिकबाट बन्न थालेको छ । त्यसैले प्लास्टिकका घोर विरोधी र अतिवादीहरूले अब खाद्य पदार्थ पनि प्लास्टिककै बन्ने अतिशयोक्ति बखान्न थालेका छन् । एक वर्ष पहिले सामाजिक सञ्जालहरूमा प्लास्टिकको चामल, प्लास्टिकको अन्डाबारे अतिरञ्जक सामग्री पोस्ट गर्ने होड नै चलेको थियो । शुरूमा मानिस आत्तिए, पछि आश्वस्त भए । यो विषाक्त र छिटै नष्ट नहुने भएकोले सबैको लागि पिरलोकारक बनेको छ । यद्यपि आजको युगको आवश्यकता प्लास्टिकविना पूरा हुने सम्भावना पनि देखिएको छैन ।**

**प्लास्टिकको दुष्प्रभाव कम गर्नु कठिन पनि छैन । मात्र सरकारले खाद्य पदार्थमा यसको उपयोग नहोस् भन्ने कठोरता पालन गऱ्यो र उपभोक्ताहरूले यसको व्यवस्थापनमा लापरवाही नगर्ने हो भने यसले कसैलाई हानि पुऱ्याउँदैन । प्लास्टिकको कुनै पनि सामान, जसमा खासगरी तातो पदार्थ राखिन्छ, त्यसको उत्पादनमा रोक लगाउनु सरकारको लागि कठिन काम होइन । सरकारले आफ्नो प्रयोगशालामा वा विश्वले वर्जित गरेको ठाउँमा यसको प्रयोगमा कानून निर्माण गरेर रोक लगाउन गाह्रो छैन । उपभोक्ताले पनि आफूले उपयोग गरेको प्लास्टिकका सामग्री जथाभावी फाल्नुको साटो एक ठाउँमा जम्मा गरी जिम्मेदार निकायलाई बुझाउने तत्परता देखाउने हो भने प्लास्टिकले महामारीको रूप लिन सक्नेछैन । अहिले पानीका मुहान, बाली हुने जग्गा, नाली, सडक जताततै प्लास्टिकका चीजबीच छताछुल्ल देखिन्छ । हाम्रो त मानसिकता नै कस्तो बनिसकेको छ भने कुनै स्थानविशेषमा प्लास्टिकका वस्तु फालिएको देखिन्न भने त्यो ठाउँका मानिस सभ्यताभन्दा टाढा त होइनन् भन्ने लाग्छ । न सरकारले यससम्बन्धी उपयोगी नीति अख्तियार गर्न सकेको छ, न उपभोक्ता नै यति जागरुक हुन सकेको छ कि प्लास्टिकको उपयोगपछि त्यसको कुप्रभावबाट मुक्त रहन त्यसको सही व्यवस्थापन गर्न सकोस् ।**

**राम्रोजति आफूलाई, नराम्रोजति समाजलाई भन्ने हाम्रो नकारात्मक सोच यति बलियोगरी हाम्रो मानसमा बसेको छ कि पानीको बोतल, गुटखाको र्‍यापर सडकमा फाल्नु, पानी निकासको नालामा प्लास्टिकको ब्यागमा घरको कचर भरेर फाल्नुलाई पुरुषार्थकै दर्जा दिन्छौं । प्लास्टिक उत्पादनकर्ताले मापदण्ड अनुसार सामान बनाउँदैन, सरकार बेलाबखत अर्ती उपदेश दिएर आफ्नो दायित्व पूरा भएको ठान्छ, उपभोक्ता त उपभोक्ता भइहाल्यो । उसले सामान उपयोग गर्नुलाई मात्र महत्त्व दिन्छ । बजारबाट सस्तो सामान खरीद गर्नु उपभोक्ताको विवशता पनि हो, तर त्यसको विसर्जनप्रति भने उदासीन बन्न पुग्छ । प्लास्टिक पानीमा बसेर, जमीनमा थिचिएर प्रदूषणमात्र बढाउँछ । यसको गतिलो विकल्प नआउन्जेल यसको बहिष्कार सम्भव छैन । त्यतिन्जेल यसले गर्नु उपद्रो गरिसक्नेछ ।**

# कोर्स करेक्सन

स्वतन्त्र विचार



विनोद गुप्ता

**तर यो अवस्थाले एमाले नेतृत्व दिन तयार नभए काङ्ग्रेस, माओवादी र जसपाको संयुक्त सरकार बन्ने कुरा शङ्कास्पद हुन आउँछ । अनि अन्तिम विकल्पमा ठूलो दलको सरकार बन्ने र त्यसले विश्वास मत प्राप्त गर्न नसकेमा पुनः संसद् विघटन भई निर्वाचन नै अन्तिम उपाय हुने देखिन्छ ।**

सर्वोच्च अदालतको पछिल्लो फैसलाका सम्बन्धमा समेत दुई फरक धार देखापरेको छ । फैसलाको पक्षमा उभिनेहरूले यो फैसला दल दर्तासम्बन्धी ऐनलाई टेकेर भएकोले दलको (नेकपा)को दर्ता खारेज हुने भएपछि दुवै दल एमाले र माओवादी पूर्ववत् अवस्थामा फर्कनुबाहेक विकल्प नभएको भनाइ रहेको छ भने विपक्षमा उभिनेहरूले भने माग्दै नमागेको क्षेत्रमा प्रवेश गरेर सर्वोच्चले फैसला गरेकोले पुनरवलोकनमा जानुपर्ने मनसाय व्यक्त गरेको पाइन्छ । पुनरवलोकनको लागि स्थितिमा महत्त्वपूर्ण परिवर्तनको प्रमाण हुनुपर्ने वा सर्वोच्चको कुनै पुरानो नजीरसँग बाझिएको हुनुपर्ने भनिरहँदा भोलि दुवै दलको भविष्य फेरि अनिश्चित हुने चिन्ता रहने नै भयो ।

भविष्यलाई एक छिनको लागि थाती राखेर वर्तमानमा विचार गर्दासमेत संसद्मा ओली पक्षको १२१ सिट रहेको र सामान्य बहुमतको लागि १३८ सांसदको समर्थन आवश्यक भएकोले एमालेले काङ्ग्रेस ६१, जसपा ३२ मध्ये कुनै एकसँग सहयोग नलिई सरकार बन्ने अवस्था छैन । प्रम ओलीले सर्वप्रथम काङ्ग्रेससँग सहकार्य गर्ने प्रस्ताव गरेकोमा काङ्ग्रेसले आफ्नो नेतृत्वमा सरकार बन्ने भए मात्र सहयोग गर्ने सङ्केत गरेको छ । यो काङ्ग्रेस र त्यसमा पनि सभापति देउवाको बाध्यता हो । प्रधानमन्त्री हुन पाएपछि सभापतिको आफ्नो दाबेदारी कायम गर्न आगामी महाधिवेशनलाई आफ्नो पक्षमा प्रभावित गर्न सक्ने सोचाइ हो । यो सोचाइ वास्तविकता पनि हो । आज कसले पाएको कुर्सी, आदर्शको लागि छोडेको छ र ? काङ्ग्रेसको यस्तो सङ्केतपछि ओलीले जसपाका महन्थ ठाकुर र राजेन्द्र महतोसँग सम्बन्ध थाले । यसलाई अगाडि बढाउन उनीहरूले अन्यलाई थाहै नदिई एउटा कार्यदलसमेत बनाए । जुन निकै आलोचित बन्यो । यसै दलका डा बाबूराम भट्टराई र उपेन्द्र यादव भने विरोधी कित्तामा उभिए । तथापि एमालेसँगको वार्तामा जसपाले रेशम चौधरीको रिहाइ, मुद्दा फिर्ता एवं संविधान संशोधनको शर्त राखेको छ ।

रेशम चौधरीको रिहाइ र मुद्दा फिर्ता, खासगरी विप्लव समूहसँग सरकारको सहमतिको पृष्ठभूमिमा सजिलै हुन सक्ने भए पनि संविधान संशोधनको लागि दुईतिहाई पुऱ्याउन फेरि काङ्ग्रेस र माओवादीको सहयोग अनिवार्य हुन जान्छ । यस अवस्थामा ऋणात्मक राजनीति (नेगेटिभ पोलिटिक्स) खेल्ने हाम्रा प्रमले संविधानको प्रस्ताव स्वीकार गरेर पछिल्ला दिनहरू जस्तै हात्ती आयो हात्ती आयो फुस्सा बनाएर काङ्ग्रेस, माओवादी र जसपालाई समेत मधेसमा अलोकप्रिय बनाउने अवस्था सृजना गर्न सक्ने सम्भावनालाई नकार्न सकिन्न । यस्तै बेला जसपाबाट नै प्रधानमन्त्रीको माग अर्थात् जसपाकै नेतृत्वमा सरकार गठनको माग उठेको छ जसलाई अस्वाभाविक मान्न सकिंदैन । यस दलमा समेत महन्थ ठाकुर, डा भट्टराई, उपेन्द्र यादव र राजेन्द्र महतोजस्ता अनुभवी नेता छँदैछन् । तर प्रम पदको लागि आफ्नो पार्टीलाई भावनात्मकरूपमा दुई खेमामा विभाजित गरी प्रतिनिधिसभा नै विघटन गरिदिने नेताले यो प्रस्ताव सहजै स्वीकार गर्ला भनेर विश्वास गर्ने ठाउँ देखिंदैन । त्यसैले यो खिचलोको उत्तम विकल्प भनेकै नेका वा जसपामध्ये कुनै एकको नेतृत्वमा सरकार बन्नु नै हो । तर यो अवस्थाले अब एमाले नेतृत्व दिन तयार नभएको अवस्थामा काङ्ग्रेस, माओवादी र जसपाको संयुक्त सरकार बन्ने नबन्ने कुरा पनि शङ्कास्पद हुन आउँछ । यस्तो हो भने फेरि अन्तिम विकल्पमा ठूलो दलको सरकार बन्ने र त्यसले विश्वास मत प्राप्त गर्न नसकेमा पुनः संसद् विघटन भई निर्वाचन नै अन्तिम उपाय हुने देखिन्छ ।

देश यो अवस्थामा पुग्यो भने कानूनसम्मत हुनेछ र नेपालको राजनीतिले कोर्स करेक्शन गरेको ठान्नुपर्दछ । हुन त काम चलाउ हैसियतमा यसै सरकारले चुनाव गराउने भई प्रभाव पार्ने हदैसम्मको प्रयास गर्नेछ तर यो खेलबाट आजित भएको जनताले सही निर्णय लिनेछ भनी आश गर्नुको अन्य विकल्प छैन ।

यो अवस्थासम्म प्रधानमन्त्रीको पदमा टिकिराख्ने केपीशर्मा ओलीको सोचमा पनि कम चुनौती भने छैन । उनलाई अहिले माधव नेपाल समूह मूल पार्टीमा फर्केकोमा ठूलो तनाव छ । यो समूहले अब पुरानै पार्टीभित्र स्पेस खोज्ने कार्य गर्नुका साथै जुनसुकै अवस्थामा पनि, वामपन्थीकै सरकार बनाउन छलफल चलाउनुपर्ने कुरा उठाएको छ । यो भनेको फेरि माओवादीसँग सहकार्य गर्नु मात्र हो । यस अवस्थामा ओली प्रधानमन्त्री भए पनि कठपुतली सरकारको नेतृत्व गरेको ठहरिनेछ । अर्कोतिर नेका र माओवादी केन्द्रले समेत अब गठन हुने सरकारले चुनावसमेत गराउने भएकोले ओलीलाई पदमा राख्न नहुने अडान लिएका छन् । काङ्ग्रेस जसपासँग समेत वार्ता गर्ने तयारीमा छ ।

माओवादी केन्द्रले भने जसपा र काङ्ग्रेसको बैठकको निष्कर्षपछि मात्र सरकारलाई दिएको समर्थन फिर्ता लिनेबारे निर्णय गर्ने सोच बनाएको भए पनि एमाले-जसपा गठबन्धनको सरकार बन्ने भए माओवादीको समर्थन नचाहिने तर जसपामा विवाद बढ्न गई पार्टी फूटतर्फ अग्रसर हुन सक्छ । यस्तो अवस्थामा राजनीतिक परिस्थिति निकै जटिल देखिन्छ तर नेपालको राजनीति नेपाली राजनीतिज्ञहरूको भरमा मात्र नचल्ने भएकोले यसको पटाक्षेप कसरी हुन्छ भन्ने कुराले नेपाल-भारत-चीन सम्बन्धको शक्ति सन्तुलन थाहा पाउन कठिन हुने छैन ।

# देशको चालू खाता खर्बभन्दा बढी घाटामा

काठमाडौं, ३ चैत/रासस

मुलुकको चालू खाता रु एक खर्ब एक अर्ब ९० करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु एक खर्ब छ अर्बले घाटामा रहेको थियो । नेपाल राष्ट्र बैंकले मङ्गलवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको सात महीनाको विवरण अनुसार अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ९३ करोड छ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा ८७ करोड १० लाखले घाटामा रहेको जनाएको छ ।

समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर ५.७ प्रतिशतले कमी आई रु सात अर्ब ८३ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ३७.३ प्रतिशतले कमी आई रु नौ अर्ब दुई करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु आठ अर्ब ३० करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु १४ अर्ब ३८ करोड रहेको थियो । समीक्षा अवधिमा शोधनान्तर स्थिति रु ९७ अर्ब ३६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु २१ अर्ब ६१ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा

(बाँकी पाँचौं पातामा)




तस्वीरः फाइल

# पोखरिया नपाका अधिकांश विद्यालयको अवस्था दयनीय

नितेश कर्ण, वीरगंज, ३ चैत/

नेपाल सरकारले शिक्षा क्षेत्रमा बर्सेनि अबौं रुपैयाँ लगानी गरे पनि रकम पठाए पनि सदुपयोगको साटो दुरुपयोग हुने गरेको पाइएको छ ।




तस्वीरः प्रतीक

सातवटा प्रदेशमा प्रदेश २ मानव सूचकाङ्कमा सबैभन्दा पछाडि छ । शिक्षा, स्वास्थ्य, सडकलगायतका क्षेत्रमा प्रदेश २ कर्णाली प्रदेशभन्दा पछाडि रहेको छ ।

संस्थागत विद्यालयभन्दा सरकारी विद्यालयमा जनशक्ति दक्ष भएपनि शिक्षकहरूको चरम लापरवाहीका कारण प्रदेश २ मा दक्ष जनशक्ति उत्पादन भइरहेको छैन । मुलुक सङ्घीयतामा गई स्थानीय सरकारलाई शिक्षाको जिम्मा लगाएपछि झन् समस्या थपिदैछ । शिक्षा क्षेत्रको विकासको लागि पठाएको बजेटमा जनप्रतिनिधिहरूले भ्रष्टाचार गर्ने गरेका छन् ।

पर्सालगायत प्रदेश २ का जिल्लामा शिक्षा क्षेत्रमा खासै सुधार देखिएको छैन ।

सङ्घ र प्रदेश सरकारले स्थानीय तहमा शिक्षा सुधारको लागि नीति नियम, आवश्यक जनशक्तिसहित उचित

पोखरिया नगरपालिकाका अधिकांश सामुदायिक विद्यालयको अवस्था दयनीय छ । त्यहाँका विद्यालयमा न शिक्षक उपस्थित हुन्छन्, न विद्यालयको अवस्था राम्रो छ । पोखरिया नपाले शिक्षा क्षेत्रको लागि छुट्ट्याएको बजेट समयमा खर्च नगर्दा गत आव २०७६/०७७ अन्तिम महीनाको २४ दिनमा विद्यालय भवन निर्माण गरेको देखिन्छ । गुणस्तरहीन सामान प्रयोग भएको कारण सो विद्यालयको भवन एक वर्ष नबित्दै जीर्ण भएको छ ।

विद्यालयमा विद्यार्थीहरूलाई खाजा बनाउन राखिएको भाँडा, शौचालय तथा चौर सरसफाइ गर्न लगाइएको नेरा आधारभूत विद्यालय जगतपुरका विद्यार्थीहरूले बताए । सो विद्यालय कक्षा ७ सम्म सञ्चालन हुने गरेकोमा त्यहाँ दुईजना राहत, एकजना करार र एकजना स्थायी शिक्षक छन् । पटक-पटक शिक्षक दरबन्दीको माग गरे पनि सम्बन्धित निकायले नपठाएको प्रधानाध्यापक सुषमाकुमारी मिश्रले बताइन् ।

उनले विद्यार्थीहरूलाई पढाइको साथै सरसफाइसम्बन्धी शिक्षा दिनु आवश्यक रहेको तथा कर्मचारी अभावको कारण विद्यार्थीहरूले ती काम गर्नुपरेको प्रअ मिश्रले बताइन् ।

पोखरिया नगरपालिकाका नगरप्रमुख दीपनारायण रौनियारले विद्यालयहरूमा सुधार गरिएको बताए । उनले शिक्षकहरूमा पहिलादेखि लागेको बानीमा पनि सुधार ल्याउने काम भइरहेको बताए । विद्यालयको भौतिक अवस्था सुधारको लागि आवश्यक बजेट नभएको कारण चाहे जतिको काम गर्न नसकेको उनको भनाइ छ । नगरप्रमुख रौनियारले विद्यालयहरूको अनुगमन गरिरहेको बताए ।

धोबिनी गाउँपालिका-४ बखरीमा रहेको प्राथमिक विद्यालयमा जाने बाटोसमेत छैन । स्थानीयहरूले सो विद्यालयका बाटो अतिक्रमण गरेपछि विद्यार्थी, शिक्षकहरूलाई समस्या भएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# मिथिला माध्यमिकी यात्रा महोत्तरी प्रवेश गऱ्यो

प्रस, महोत्तरी, ३ चैत/

मिथिला माध्यमिकी यात्रा मङ्गलवार देखि महोत्तरी जिल्लामा प्रवेश गरेको छ। यात्रा शुरू भएको चौथो दिन महोत्तरी प्रवेश गरेको हो।

यात्राको तेस्रो दिन सोमवार राति भारतको बिहार राज्यमा पर्ने मधुवनी


तस्वीरः फाइल

जिल्लाको गिरिजास्थानमा यात्रीहरूले विश्रमा लिएका थिए। मङ्गलवार एकाबिहानैदेखि महोत्तरीको भारतीय सीमावर्ती क्षेत्र मटिहानीमा यात्रा आइपुगेको हो।

बितेको शनिवार धनुषाको ठेराकचुरीबाट माध्यमिकी परिक्रमा यात्रा शुरू भएको थियो। यात्रीले क्रमशः धनुषाको हनुमानगढी, भारतको मधुवनी जिल्लामा पर्ने कल्याणेश्वर र गिरिजास्थानमा पहिलो, दोस्रो र तेस्रो दिनको रात्रिविश्राम गरिसकेका छन्। गिरिजास्थानबाट सीमावर्ती भारतीय बजार मधवापुर हुँदै यात्री नेपालको महोत्तरी जिल्लाको मटिहानी प्रवेश गरेका हुन्। यात्रीलाई मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल, प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराई, महोत्तरी उद्योग वाणिज्य सङ्घका पदाधिकारी र मटिहानी नगरवासीले भव्य स्वागत गरेका थिए।

गिरिजास्थानबाट मटिहानीसम्म १५ दिने धार्मिक यात्रामा सहभागीहरूको उत्साहजनक सहभागिता देखिएको छ। आरोग्यता, कल्याण र मोक्ष कामनाका साथ गरिने मिथिला माध्यमिकी परिक्रमा यात्राका सहभागी यात्रीहरूको भोजन, आवास, खानेपानी, प्राथमिक उपचार र आइपर्ने अन्य कुनै कामका लागि हरेक विश्रमास्थलमा स्वयंसेवकसहितको आवश्यक प्रबन्ध रहेको यात्राका अगुवाहरूले बताएका छन्।

यात्राको चौथो दिन मटिहानी आइपुगेका यात्री आठौं दिनसम्म महोत्तरी जिल्लाका क्षेत्रमा नै यात्रारत रहनेछन्। चौथो दिनको रात्रिविश्राम मटिहानीमा, पाँचौं दिन जलेश्वरमा, छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड र आठौं दिन कञ्चनवनमा रात्रिविश्राम हुने र सोपश्चात् पुनः धनुषा जिल्ला प्रवेश गर्ने यात्रा तालिका छ।

नेपाल र भारतका क्षेत्रसमेत गरी जम्मा १३३ किलोमिटर लामो पदयात्रामध्ये महोत्तरी जिल्लाको क्षेत्रमा २५ किलोमिटर दूरीको यात्रा गरिन्छ।

त्रेतायुगमा श्रीराम र सीताजीले विवाहपश्चात् मिथिलाका विभिन्न ठाउँमा विहार गरेका भन्ने शास्त्रीय मान्यताको आधारमा मिथिला माध्यमिकी परिक्रमाको परम्परा रहिआएको हो। मिथिला संस्कृति र परम्पराका जानकारहरूका अनुसार अठारौं शताब्दीदेखि मिथिला माध्यमिकी परिक्रमाको सुरुआत भएको हो। रामसीताका पदचाप पछ्याउँदै प्रतिमा राखिएको डोलीअगाडि लगाएर यो यात्रा गरिन्छ। यात्रामा नेपाल र भारतका विभिन्न मठका साधुसन्त र आम श्रद्धालु सर्वसाधारणको सहभागिता रहँदै आएको छ।

यात्राको बृहत्तर जनकपुर क्षेत्र विकास कोष र धार्मिक मठहरूले संयोजन तथा समन्वय गर्दै आएका छन्। फागुन औंसीबाट शुरू भई फागुन पूर्णिमाका दिन जनकपुरधामको अन्तरगृह परिक्रमा गरी सम्पन्न गरिने मिथिला माध्यमिकी परिक्रमालाई मिथिलाको महाकुम्भ पनि भनिन्छ।

# बम विस्फोटका घाइतेलाई उपचारमा समस्या

प्रस, सिराहा, ३ चैत/

सिराहाको लहानस्थित मालपोत कार्यालयमा भएको बम विस्फोटमा परी घाइते भएकाको उपचारमा कठिनाइ भएको गुनासो छ। विस्फोटमा परेर गम्भीर घाइते धनगढीमाई नगरपालिका वडा नं ४ का ३० वर्षीय दिनेशकुमार भण्डारीलाई उपचारमा समस्या भएको घाइतेका आफन्तजनले बताएका छन्।

भण्डारीलाई उपचारका लागि सेनाको हेलिकोप्टरमार्फत काठमाडौं लगिएको थियो। उनको काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ। ठाउँमा पुऱ्याइए पनि आर्थिक अवस्था

(बाँकी चौथो पातामा)


अस्पतालमा भर्ना भएका बम विस्फोटमा परी घाइतेहरू। तस्वीरः सौजन्य

# मदिरा उत्पादन र सेवन गर्न अनुमति आवश्यक

बनेपा, ३ चैत/रासस

काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाले यहाँका नागरिकलाई मदिरा उत्पादन तथा सेवन गर्न अनुमति लिनुपर्ने व्यवस्था गरेको छ।

'मदिरा नियमन तथा व्यवस्थापन ऐन २०७७' अनुसार नगरपालिकाले मदिरा उत्पादन तथा सेवन गर्न अनुमति लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो। नगर क्षेत्रभित्र सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्दै सभ्य, शान्त र सकारात्मक बाटोमा समुदायलाई अग्रसर गराउन तथा घरेलु हिंसा न्यूनीकरणका लागि नगरपालिका क्षेत्रभित्र मदिरा उत्पादन, बिक्री वितरण र सेवन कार्यको नियमन तथा व्यवस्थापन गर्न यस्तो व्यवस्था लागू गरिएको नगरपालिकाले जनाएको छ।

मदिरा उत्पादन, बिक्री वितरण र सेवनका लागि अनुमति लिनुपर्ने तथा मदिरा सेवनकर्ताले वार्षिक शुल्क तिरेर 'सेवन कार्ड' लिनुपर्ने व्यवस्था नगरपालिकाले गरेको छ। सो ऐनले १८ वर्षको उमेर पूरा नगरेका व्यक्तिले मदिरा बिक्री वितरण गर्न नपाउने व्यवस्था



तस्वीरः सौजन्य

गरेको छ। ऐनविपरीत मदिरासेवन गरी समुदायमा होहल्ला, शान्ति भङ्ग हुने क्रियाकलाप वा झैंझगडा गर्ने व्यक्तिलाई पहिलोपटकको लागि रु ५०० जरिवाना तथा सोही व्यक्तिले पटक-पटक सो प्रक्रिया दोहोऱ्याएमा २० प्रतिशतका दरले जरिवाना बढ्दै जाने प्रावधान रहेको छ।

एउटा वडामा एउटा थोक मदिरा पसल र पाँचवटा ओसारपसार मदिरापसलका लागि मात्र अनुमति दिने ऐनमा उल्लेख छ।

**तोकिएका समयमा मात्रै बिक्री**

नगरपालिकाले त्यसरी मदिरा उत्पादन र सेवन गर्न व्यवस्था गरिने भएपनि बिक्री वितरण र सेवनका लागि निश्चित समयसमेत तोकेको छ।

थोक विक्रेता र ओसारपसारकर्ताले बिहान ७ देखि बेलुकी ५ बजेसम्म बिक्री वितरण गर्नुपर्ने व्यवस्था छ। मदिरा सेवनकर्तालाई भने बेलुकी ५ देखि ८ बजेसम्म मात्रै मदिरा बिक्री वितरण गर्न पाइने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ। विद्यालय, स्वास्थ्य केन्द्र, सार्वजनिकस्थल, पार्क, मन्दिर, सरकारी तथा गैरसरकारी कार्यालयभन्दा कम्तीमा २०० (दुई सय) मिटर टाढा मदिरापसल खोल्न पाउने व्यवस्था रहेको छ। ओसारपसार गर्ने विक्रेताले बिक्री गरेको मदिराको लगत राख्नुपर्ने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ।

जातिविशेषका पर्व, उत्सव, परम्परा र संस्कृतिको समयमा नगरपालिकासँग पूर्वस्वीकृति लिई तोकिएको समय, स्थान र सङ्ख्यामा मदिरा लैजान सकिने व्यवस्था ऐनले गरेको छ। सेवनकर्ताले नगरपालिकाबाट सेवन कार्ड लिनुपर्ने र सोबापत वार्षिक एकमुस्ट रु ५०० तथा नवीकरण र कार्डबापत रु ५०० बुझाउनुपर्ने व्यवस्था छ। अतिथि कार्डबापत प्रत्येक दिन रु १०० का दरले तिर्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

यसैगरी नगरपालिकाले प्रत्येक वडामा सात सदस्यीय वडास्तरीय मदिरा

(बाँकी पाँचौं पातामा)

# चिनियाँ सामग्री सीधैं रसुवागढी नाकामा

रसुवा, ३ चैत/रासस

उत्तरी नाका रसुवागढीबाट आयात भइरहेको चिनियाँ सामग्री ल्हासादेखि रसुवागढीसम्म सीधैं ढुवानी हुन थालेको छ। नेपाली व्यवसायीले मगाएका सामग्री पहिलो चरणमा केरुङमा गोदाम गर्ने र मोटरद्वारा रसुवागढी पठाउने व्यवस्था हुँदै आएको थियो।

यसलाई परिवर्तन गर्दै चिनियाँ ढुवानी कम्पनीले ल्हासादेखि सीधैं रसुवागढी ल्याउन सुरुआत गरेको रसुवा भन्सार कार्यालयले जनाएको छ।

गोदाम र भरिया खर्चमा कमी तथा महँगो कन्टेनर भाडासमेत घटेपछि बजार भाउमा केही सरलता आउने बताइएको छ। अहिले ल्हासाबाट सामान बोकेका कन्टेनर सीधैं रसुवागढी आउन थालेको प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले जानकारी दिए। उनले आयात भएका सामग्री नेपाली कन्टेनरमा रूपान्तरण गरी भन्सार हातामा प्रवेश भइसकेको


रसुवागढी नाका। तस्वीरः सिन्ह्वा

बताए।

चिनियाँ ल्होसार पर्वका कारण केही समय स्थगन भएको थियो। गत फागुन २१ गतेदेखि पुनः सञ्चालन भएको ढुवानी अन्तर्गत चिनियाँ व्यापारीले रसुवागढी पुऱ्याएका सामग्री भन्सार हातामा आएका थिए। आआफ्ना सामानको परिमाण घोषणा गर्न आयातकर्ताका प्रतिनिधि

(बाँकी पाँचौं पातामा)

# तेस्रो चरण पेट्रोलियम पदार्थ उत्खननका लागि चिनियाँ टोली आउने

दैलेख, ३ चैत/रासस

पेट्रोलियम पदार्थ उत्खनन अन्तर्गत तेस्रो चरणमा गरिने ड्रिलिङको


तस्वीरः रासस

अध्ययनका लागि चिनियाँ टोली यही महीना दैलेख आउने भएको छ। कोरोना महामारीका कारण केही समयपछि परेको पेट्रोलियम पदार्थ उत्खनन तथा अन्वेषणको कामले तीव्रता पाउने भएको छ।

२०७६ असोजदेखि शुरू गरिएको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन अन्तर्गतको पहिलो चरणको काम सकिएको छ। तेस्रो चरणमा गरिने ड्रिलिङको पूर्वतयारीका लागि चिनियाँ टोली नेपाल आउन लागेको खानी तथा भूगर्भ विभागका भूगर्भविद् डा गणेशनाथ त्रिपाठीले जानकारी दिए। चीनको टोलीले चैत १९ गतेसम्म आउने भनेको छ। केही समय ढिलो चाँडो भएपनि यही महीनाभित्र चीनको टोली आइपुग्ने त्रिपाठीले बताए।

अध्ययनका लागि आउने चीनको टोलीले सम्बन्धित स्थलमा गएर ड्रिलिङका लागि भौगोलिक अवस्था, सडकको पहुँचलगायतका कुरामा अध्ययन गरेपछि विज्ञ टोली आएर चार किलोमिटर जमीनमुनि ड्रिलिङको काम गर्ने खानी तथा भूगर्भ विभागले जनाएको छ।

टोलीले दुईदेखि तीन महीनासम्म ड्रिलिङको काम सकाएर दैलेखमा रहेको पेट्रोलियम पदार्थको अन्वेषण तथा उत्खननका विषयमा गरिएको सम्झौता अनुसार यहाँको अवस्थाका बारेमा नेपाल सरकारलाई प्रतिवेदन बुझाउनेछ।

सरकारसँग भएको सम्झौता अनुसार पहिलो चरणको काम दशैंअगाडि सकिएको र पछि बाँकी काम शुरू गरिने

(बाँकी पाँचौं पातामा)

गरुडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गरुडा, रौतहट
प्रदेश नं. २, नेपाल

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आह्वानसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति २०७७/१२/०१ गते*

गरुडा नगरपालिकाले कृषि तथा पशु वस्तुहरूको उत्पादन वृद्धि गरी गाउँ/नगर क्षेत्रमा रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधीनमा रही आर्थिक वर्ष २०७७/७८ देखि शुरू गरी बहुवर्षीयरूपमा सञ्चालन गरिने गरुडा नगरक्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी संस्थाहरूबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र तपसिलबमोजिमका विवरणहरूसहित प्रस्तावना पेश गर्न आह्वान गरिएको छ। योग्यता नपुगेका र आवश्यक विवरणहरू संलग्न नभएको प्रस्ताव उपर कारबाई गर्न गाउँ/नगरपालिका जवाफदेही हुनेछैन। प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछः

- संस्था स्थापना भई कम्तीमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको।
- स्वावलम्बन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माणसम्बन्धी काम गरेको।
- सामुदायिक विकास, जीविकोपार्जन, महिला सशक्तीकरणको क्षेत्रमा काम गरेको।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मूल्य शृङ्खलाको क्षेत्रमा अनुभव भएको वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रवर्द्धनमा काम गरेको अनुभव भएको।
- समुदायमा आधारित सहकारी संस्थामार्फत कृषि तथा पशु।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधारसम्बन्धी कार्य गरेको।
- कृषि तथा पशु विकाससँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामग्री, वृत्तचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकाससम्बन्धी सम्भाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी काम गरेको।
- नेपाल सरकारका विभिन्न निकाय वा स्थानीय वा प्रदेश सरकारसँगको साझेदारी गरी काम गरेको अनुभव भएको।

लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजनासँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी तलब, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदि आफैंले व्यवस्थापन गर्नुपर्नेछ। संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिइनेछ। संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरी नियमित समन्वयमार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्यक्षेत्र परियोजना अवधि आदिबारे जानकारी गाउँ/नगरपालिकाको योजना शाखाबाट प्राप्त गर्न सक्नेछन्।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरू :**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि एक प्रति।
- आव २०७६/०७७ को लेखापरीक्षणको प्रतिवेदनसहित २ वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि १/१ प्रति।
- स्थायी लेखा नम्बर र आव २०७६/०७७ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि १/१ प्रति वा करचुक्ता प्रमाणपत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाणपत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को अनुसूची १ बमोजिमका ढाँचामा अलग-अलग खाममा सिलबन्दी गरिएको १/१ प्रति, परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावना यस नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।
- प्रस्तावना पेश गर्ने संस्थाको अख्तियारप्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि एक प्रति।

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

**३) नीम (एजाडिरेक्टा इन्डिका)को बाह्य प्रयोग**

नीमको वृक्ष घरको चारैतिर, चौपाल आदिमा लगाउने चिरपुरातन परम्परा रहेको छ ताकि वायु-शुद्धि सतत् भइरहोस्। नीमको आन्तरिक प्रयोगको वर्णन पहिले नै भइसकेको छ, यसको बाह्य प्रयोगको विषयमा पनि प्रचुर मात्रामा साहित्य उपलब्ध छ। नीमको पात घाउ निको गर्न, कुष्ठरोग मेटाउन, जुम्रा तथा कीरा मार्न पनि प्रयुक्त हुन्छ। श्री नादकर्णी अनुसार नीमको सर्वाधिक प्रचलित बाह्य प्रयोगमा जुम्रा मार्न, कन्डु रोग (स्केबिज)को चिलाउने मेटाउनको लागि हुन्छ। यसको फूलको पुल्टिसले त्वचा विस्फोट (इरस्टि स्किन डिसअर्डर्स)मा लाभ गर्छ तथा बोक्राको पुल्टिस कुष्ठ रोग र त्वचाको टिबी रोगमा पनि लाभकारी हुन्छ।

युनानी मतानुसार नीमको बोक्राको प्रयोग एन्टिगेरग्रीनस कीटाणुनाशक, व्रण शोधक हुन्छ। विकृत कुहिएको घाउमा पनि यसको प्रयोग लाभकारी हुन्छ। नीमको डालीबाट दतुवन (दन्त धावन)ले मुखको दुर्गन्धलाई मेटाउँछ, दाँतमा कीरा लाग्नबाट जोगाउँछ।

आधुनिक मतानुसार नीमको तेल एउटा राम्रो कीटाणुनाशक र छालाको गहिरो परतको लागि उत्तेजक हुन्छ। यो कपालको उत्पत्तिमा पनि सहायक हुन्छ। डा आर घोषको मटेरिया मेडिया एन्ड थेराप्युटिक्स अनुसार पातको गाढा क्वाथले जीर्ण कुहिएको घाउलाई चाँडै निको गर्छ। लखनउका किङ्ग आँर्ज मेडिकल कलेजका डा मिश्रले नीमको पातको अल्कोहालक निष्कर्षको लोशन बनाएर दाद, एक्जिमा र कन्डुरोगमा प्रयुक्त गरेका छन्। प्रतिदिन दुईपटक लगाउँदा दुईदेखि तीन सातामा लगभग सबै रोग निको हुन्छ र यस्ता रोग लाग्ने सम्भावना पनि समाप्त हुन्छ।

डा चौरसिया एवं जैन (इन्डियन जनरल अफ हस्पिटल फार्मेसी, १५६, १९७८)मा नीमको उत्पत् तेललाई करीब एघार जातिका जीवाणुमा प्रयोग गरेर त्यसलाई मार्नमा सफलता पाइएको छ। यसमध्ये प्रमुख हो- इ. कोलाइ,

**जीवेम शरदः शतम्**

> **दाहजलनमा पत्र स्वरसको फेन लगाइन्छ। डन्डीफोरमा नीमको जरालाई पानीमा पिसेर लगाउनुपर्छ। यस्तो अनुभव छ कि पृष्ठ रोगमा स्पर्श संज्ञा नाश भएपछि नीमको पुल्टिसलाई स्थानीय सिकाइ तथा पत्रको निर्धूम खरानी मल्दा बात नाडीमा संवेदनाशक्ति पुनः आउँछ।**

सल्मोनेला टाइफी, स्टैफिलोकोकस, एल्वस एवं आरियस। यो एक स्मरणीय



तथ्य हो कि यी सबै घातक जीवाणुले शरीरमा असाध्य व्याधि उत्पन्न गर्छ।

नीमको पातको गाढा लेपबाट शीघ्र बढ्ने कोशिकाको दर (माइटोनिक इन्डेक्स) कम हुन्छ। प्रोसिट्रिंग्स अफ नेशनल एकेडेमी अफ साइन्सेस इन्डियामा प्रकाशित श्री यादव एवं राठौरको यस लेख अनुसार यसबाट नीम क्यान्सर प्रतिरोगी क्षमता भएको प्रकाश पारिएको छ। यदि यस विषयमा अनुसन्धान जारी राख्दा यस दिशामा प्रगति पाउन सकिन्छ र रेडियम जस्ता कुनै क्यान्सर प्रतिरोधी आविष्कार हुन सक्छ। व्यावहारिक प्रयोगमा नीमको कोपिला वा निम्बोलीको तेल, मलम, गाजल, क्वाथ अथवा पत्र स्वरसको प्रयोग गरिन्छ। सरसोको तेलमा कोपल अथवा निम्बोली उमालेर नीमको तेल बनाइन्छ। २५० ग्राम तेलमा ५० ग्राम पात अथवा निम्बोली बढी हुन्छ।

मलम बनाउनको लागि नीमको तेल २५० ग्राम, मैन १२५ ग्राम, हरियो पातको स्वरस एक किलो, जराको बोक्राको चूर्ण ५० ग्राम तथा पातको खरानी २५ ग्राम कराईमा मिलाएर गरिन्छ। पहिले तेल र पत्रस्वरस हलुका आँचमा पकाएर मैन हालिन्छ र त्यसपछि कराई आँचबाट उतारेर त्यसमा नीमको बोक्रा चूर्ण तथा नीमपत्रको खरानी मिलाएर मलम तयार गरिन्छ।

**नीमको गाजल-** आँखामा ट्रकोमा तथा लाली आदिको लागि एउटा कपडामा नीमको फूललाई बेरेर त्यसको बत्ती बनाएर सरसोको तेलमा भिजाएर बाल्नुपर्छ र यस धूवाँबाट गाजल प्राप्त गर्न सकिन्छ।

नीमको तेल, मलम, क्वाथ कुष्ठरोगमा सम्पूर्ण शरीरमा लेपन गरिन्छ। आधा पाकेको गाँठो-ग्रन्थि, व्रणमा पातको भर्ता बनाएर लेप गर्नाले सुन्निएको हराउँछ र भित्र भएको पिप बाहिर निस्किन्छ। पिप भएको व्रणमा नीमको पातको स्वरस महसँग मिलाएर लगाउँदा लाभ पुग्छ। चिलाउने, जलन र एग्जिमा भएको छालामा नीमको तेल लगाउँदा चिलाउने समस्या मेट्नुका साथै कडापन मेटिएर नयाँ त्वचा पलाउँछ। दाहजलनमा पत्र स्वरसको फेन लगाइन्छ। डन्डीफोरमा नीमको जरालाई पानीमा पिसेर लगाउनुपर्छ। यस्तो अनुभव छ कि पृष्ठ रोगमा स्पर्श संज्ञा नाश भएपछि नीमको पुल्टिसलाई स्थानीय सिकाइ तथा पत्रको निर्धूम खरानी मल्दा बात नाडीमा संवेदनाशक्ति पुनः आउँछ। नीम हरेक दृष्टिले एउटा श्रेष्ठ जीवाणुनाशी प्राकृतिक उपचार पद्धति हो। यसको प्रयोग आन्तरिकको साथसाथै बाहिरी रूपमा पनि गरिन्छ।

# अतिक्रमित जग्गा खोज्दै वीरगंज महानगरपालिका

वीरगंज, ३ चैत/रासस

भूमाफिया र कर्मचारीको मिलेमतोमा व्यक्तिको नाममा दर्ता भएको करोडौं मूल्य बराबरको सार्वजनिक




तस्वीरः फाइल

जग्गाको खोजबिन शुरू भएको छ।

मुख्य बजार क्षेत्र आदर्शनगरलगायत ३२ वटै वडामा रहेको सार्वजनिक जग्गा पहिचान गरी व्यक्तिको नाममा दर्ता भएका त्यस्ता जग्गाहरू वीरगंज महानगरपालिकाले आफ्नो नाममा ल्याउने अभियानको थालनी गरेको छ।

वीरगंज महानगरपालिकाले सार्वजनिक जग्गा कहाँ कुन अवस्थामा छ, अतिक्रमित भएपनि त्यस्ता जग्गाको जानकारी मालपोत कार्यालय पर्सासँग माग गरेको छ। कार्यालयले अहिलेसम्म त्यस्ता सार्वजनिक जग्गाको लगत उपलब्ध गराउन नसकेको महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले बताए।

विगत १८ वर्षदेखि अतिक्रमित जग्गाको स्रेस्ता महानगरपालिकाको नाममा रहेको छ तर ऐलानी, पर्ती र सार्वजनिक जग्गा कहाँ कहाँ रहेका छन्, त्यसको रेकर्ड दिन मालपोत कार्यालयले सहयोग नगरेकाले स्थानीय प्रशासन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परिपत्र गर्ने तयारीमा रहेको महानगरपालिकाका प्रमुख सरावगीले बताए।

वीरगंजको मुटु मानिने आदर्शनगरमा मात्र रु एक अर्बभन्दा बढी मूल्य पर्ने २१ वटा प्लट छन्, जुन व्यक्तिको नाममा दर्ता भएको देखिन्छ। मालपोत कार्यालय तथा भूमाफियाको चलखेलका कारण नगर क्षेत्रभित्रका करीब १०० बिघाभन्दा बढी जग्गा व्यक्तिको नाउँमा गएको महानगरपालिकासँग रेकर्ड रहेको छ। महानगरपालिकाको जग्गा विभिन्न व्यक्तिले गैरकानूनी तरीकाले कब्जा गरेको छ। सो जग्गा महानगरपालिकाले आफ्नो नाममा ल्याउने प्रक्रिया अघि बढाएपछि भूमाफियाहरू हतास भएका छन्।

भूमाफिया, तत्कालीन महानगरपालिकाका केही कर्मचारी र नापी कार्यालयको मिलेमतोमा अधिकांश जग्गाको हक व्यक्तिको नाममा गइसकेको भेटिएपछि महानगरपालिकाले जग्गाको खोजबिन शुरू गरेको हो।

महानगरपालिकाले अतिक्रमित जग्गा खोजबिन शुरू गरेपछि अहिलेसम्म महानगरपालिकाले २१ वटा कित्ताको विवरण फेला पारेपछि ३२ वटै वडामा रहेका यस्ता जग्गाको खोजी गर्न थालेको बताइएको छ। अवैधरूपमा जग्गा कब्जा गरी भोगचलन गर्दै आएको जग्गामध्ये हालै पर्सा जिल्ला अदालतले वीरगंज महानगरपालिका-१० को साबिक कित्ता नं ८१७ को जग्गा व्यक्तिको नामबाट बदर गरी नगरपालिकाको नाउँमा दर्ता गर्न आदेश दिएको छ।

हालै मात्र नापी कार्यालयमा कित्ता नं १८ र ५२ को १ कट्ठा जग्गाको दर्ता बदर गरी आफ्नो नाममा ल्याउन महानगरपालिकाले जिल्ला अदालत पर्सामा मुद्दा दायर गरेको छ। सो जग्गा वीरगंज महानगरपालिका-३ छपकैयाकी नजमा बेगमले स्थानीयवासी अरुणाकुमार अग्रवालसँग खरीद गरेको मालपोत कार्यालय पर्साको स्रेस्तामा उल्लेख छ। सो जग्गामा अहिले जिपी कोइराला (गिरिजाप्रसाद कोइराला) फाउन्डेशनको नाममा कार्यालय खोलिएको छ।

विसं २०२० मा शहरी विकास योजनाले आदर्शनगरमा व्यवस्थित बसोबासका लागि जग्गा प्लटिङ गरेको थियो। सो योजना अन्तर्गत पशुपति आदर्श निर्माण समितिले जग्गा अधिग्रहण गरेको थियो। त्यस बेला जग्गा बिक्री नभएपछि तत्कालीन वीरगंज नगर पञ्चायतलाई हक हस्तान्तरण गरेको थियो। तर महानगरको हकमा आएको सो जग्गामा भूमाफियाहरूको चलखेल शुरू भएको छ।

महानगर क्षेत्रभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गामा महानगरपालिकाका केही कर्मचारी, भूमाफिया र मालपोतको मिलेमतोमा सो जग्गाहरू व्यक्तिको नाउँमा जान थालेपछि महानगरपालिकाले सो जग्गाको खोजबिन गर्न थालेको नगरप्रमुख सरावगीले बताए। उनले यस्ता जग्गाहरू अतिक्रमण गर्नेमा स्थानीय नेतादेखि नामुद व्यापारीसमेत रहेको उनको भनाइ छ।

देशमा सङ्घीयता लागू भएपछि वीरगंज महानगरपालिकाले ३२ वटै वडाका जनप्रतिनिधिलाई पत्र लेखी सो क्षेत्रमा सार्वजनिक जग्गा कति छ, सोको रेकर्ड मागेपछि वडा कार्यालयले पठाएको विवरणमा सो जग्गाहरूसमेत व्यक्तिको नाउँमा गएको तथ्य सार्वजनिक भएको हो। महानगरपालिकाको यस कार्यबाट महानगरकै केही कर्मचारी, भूमाफिया, मालपोत र नापीका कर्मचारीहरू निराश देखिन्छन्।

## बम विस्फोट.....

कमजोर रहेकाले उपचारमा समस्या भएको घाइतेका बुबा गङ्गाई भण्डारीले बताएका छन्। गाउँघरको मन्दिर, देवस्थल र पूजा गर्ने घर-घरमा फूल पुऱ्याइदिएर सोबापत प्राप्त हुने थोरै अन्नले बिहान-बेलुकीको छाक टार्दै आएको भण्डारी परिवारको आर्थिक अवस्था दयनीय छ।

घरको जवान छोरा घाइते भएपछि परिवारको चुलोसमेत बल्न छाडेको घाइतेका वृद्ध पिता गङ्गाईले बताए। गङ्गाईका माहिला छोरा रमेश कर्तव्य ज्यानको अभियोगमा सिराहा कारागारमा छन् भने कान्छो छोरा प्रमोद बेरोजगार छन्। भण्डारी परिवारले फाइनान्सबाट ऋण लिंदा घडेरीको पुर्जा धरौटी राखेर जग्गा रोक्का गरेको थियो। सोही ऋण चुक्ता गरी जग्गा फुकुवा गर्न मालपोत गएका दिनेश बम विस्फोटमा परेका हुन्।

घाइतेका लागि केही औषधि निश्शुल्क प्राप्त भएपनि धेरैजसो औषधि खरीद गर्नुपर्ने हुँदा सम्पूर्ण औषधि र उपचार तथा ल्याब परीक्षणसमेत निश्शुल्क गरिदिन गङ्गाईले सरकारसँग माग गरेका छन्। फूल बेचेर केही बचत गरेको पैसा सहकारीमा बुझाइसकेको र बाँकी पैसा नहुँदा अस्पतालमा घाइतेको कुरुवासमेत भोकै बस्नुपरेको घाइतेका परिवारजनको दुःखेसो छ।

**फरक समाचार**

# आगोमा पोलिएको अनुहारको उपचार अब थ्रीडी प्रिन्टेड मास्कबाट

गाजापट्टिमा आगोले पोलेको अनुहारको उपचार थ्रीडी प्रिन्टेड मास्कबाट गरिंदैछ। यो मास्कले घाउलाई लुकाउनुका साथै उपचार पनि गर्छ। यही



८ वर्षीया मरम र उनको आमा इजदिहार अल अमावी। तस्वीरः एजेन्सी

मास्कबाट ८ वर्षीया मरम र उनकी आमा इजदिहार अल अमावीको पोलिएको अनुहार ठीक गरिंदैछ। एक वर्ष पहिले यहाँ प्यालेस्टिनी रिफ्युजी क्याम्पमा ग्यास लिक भएपछि आगो लागेको थियो। यस घटनामा २५ जनाको मृत्यु भएको थियो भने दर्जनौं मानिस घाइते भएका थिए। मरम र इजदिहार पनि यस घटनामा घाइते भएका थिए।



गाजा शहरका डाक्टर्स विदआउट बोर्डर नामक चयारिटी ग्रुपले आगजनीमा घाइतेहरूको उपचार थ्रीडी मास्कबाट गर्दैछन्। उपचार गर्ने फिजियोथेरापीका हेड फिराज स्युरगो भन्छन्, यो मास्कले अनुहारमा दबाव बनाउँछ र छाला मरम्मत गर्ने काम गर्छ।

उपचारभन्दा पहिले थ्रीडी स्क्यानरको मदतले घाइतेको अनुहारको नाप लिइन्छ। त्यस नाप अनुसार नै मास्क तयार गरिन्छ ताकि यो अनुहारमा सजिलै फिट होस् र दबाब उत्पन्न गरोस्।



यो मास्कलाई घाइतेको स्थिति अनुसार ६ महीनादेखि १ वर्षसम्म लगाउनुपर्छ। मास्कमा लगाइएको स्ट्रैपको मदतबाट यसलाई एडजस्ट गरिन्छ। मास्कबाट उपचार गर्नको लागि प्रोजेक्टको सुरुआत अप्रिल २०२० मा भएको थियो। गाजामा २० व्यक्तिको उपचार यसै मास्कबाट गरिंदैछ। यो अभियान जोर्डन र हाइटीमा पनि शुरू भएको छ।



८ वर्षीया मरमको भनाइ छ, मास्कको कारण पोलेको अनुहारको भागमा सुधार भएको छ। म डराएँ, जब यसलाई लगाएर बाहिर जान्छु भने उनीहरू मलाई हेरेर हास्नेछन्। मैले मास्क लगाएर कक्षा समाप्त गरेर घर फर्कें। मरम मास्कलाई एक दिनमा ८ घण्टा र उनकी आमा इजदिहारले १६ घण्टा लगाउँछन्। यसलाई खाना खाने समयमा फुकाल्छन्। राति अर्को मास्क लगाएर सुत्छन्। हातको लागि विशेष पञ्जा दिइएको छ, जुन उनीहरू प्रतिदिन लगाउँछन्।



इजदिहार भन्छिन्, यो घटना मुटु कमाउने थियो। हामी जब किनमेल गरेर टैक्सीको प्रतीक्षामा थियौं, त्यति बेला अचानक दुर्घटना भयो। चारैतिर आगो थियो। म र मेरी छोरी दुई महीनासम्म अस्पतालमा रह्यौं। त्यहाँ थुप्रै शल्यक्रिया भए। अहिले मेरो घाउ केही हदसम्म निको भएको छ, यसको कारण मास्क नै हो।

इजदिहार भन्छिन्, घटनापछि मेरो परिवारजनले अनुहार हेर्न मानेनन्। मैले आफ्नो अनुहार शल्यक्रिया भएको ५० दिनपछि हेरेको थिएँ। चिकित्सकले हामीलाई बताएका थिए, दुई/तीन वर्षपछि सबै दाग मेटिन्छ।

- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# अस्ट्राजेनिकाको विवाद कायमै

## विश्व स्वास्थ्य सङ्गठन भन्छः खोप सुरक्षित छ

जेनेभा, ३ चैत/एएफपी

अक्सफोर्ड र अस्ट्राजेनिकाले संयुक्तरूपमा विकास गरेको कोभिड–१९ विरुद्धको अस्ट्राजेनिका खोपका कारण रगत जमेको भन्ने अपुष्ट विवाद कायमै रहेका बेला विश्व स्वास्थ्य सङ्गठनका विज्ञहरूले खोप सुरक्षित रहेको दाबी गरेका छन्।


तस्वीरः एपी

कोभिड–१९ ले सङ्कट निम्त्याइरहेको युरोपेली क्षेत्रका कतिपय मुलुकले अस्ट्राजेनिका खोप लगाउन रोकेका छन्। पछिल्लोपटक युरोपका सबैभन्दा ठूला देशहरू जर्मनी, इटाली र फ्रान्सले पनि अस्ट्राजेनिका खोप लगाउन तत्काललाई रोक लगाएका छन् । युरोपकै अन्य कतिपय मुलुकले पनि अस्ट्राजेनिका खोप लगाउन बन्द गरिसकेका छन् ।

विश्वमा हाल २६ लाखभन्दा बढी मानिसको कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु भइसकेको छ ।

यहीबीच विश्व स्वास्थ्य सङ्गठन, अस्ट्राजेनिका कम्पनी र युरोपेली औषधि नियामक निकाय (इएमए)ले अस्ट्राजेनिका खोप सुरक्षित रहेको बताएका छन् । उनीहरूको भनाइमा खोप लगाएका व्यक्तिमा रगत जमेको भन्ने विवरणमा पूर्ण सत्यता छैन ।

विश्व स्वास्थ्य सङ्गठनकी प्रमुख वैज्ञानिक सौम्या स्वामिनाथनले आमजनतालाई नआत्तिन र अस्ट्राजेनिका खोप लगाउने कार्यलाई निरन्तरता दिन आग्रह गरेकी छन् ।

उनले भनिन्, "अध्ययनबाट खोप र रगत जम्ने समस्याबीच कुनै सम्बन्ध देखिएको छैन ।"

विश्व स्वास्थ्य सङ्गठन र इएमएका विज्ञहरूले अस्ट्राजेनिकाको खोप अभियानसँग सम्बन्धित विवरणको अलग–अलग अध्ययन गर्ने बताएका छन्। इएमएले अस्ट्राजेनिकाको विवरणलाई लिएर के गर्ने भनेर दुई दिनपछि विशेष बैठक गर्न लागेको जनाएको छ ।

अस्ट्राजेनिकाको खोप अहिले विश्व बजारमा सबैभन्दा सस्तो छ। कमजोर आर्थिक स्थिति भएका मुलुकका लागि सहज भएकाले पनि यो खोपको माग बढ्दो छ। युरोपबाहेकका अन्य मुलुकले यो खोप बढी प्रयोग गर्ने सम्भावना छ।

तैपनि, इन्डोनेसियाले सोमवार अस्ट्राजेनिकाको खोप लगाउन रोकेको छ भने भेनेजुएलाले यो खोप प्रयोग नगर्ने घोषणा गरेको छ ।

यो खोप बेलायतको अक्सफोर्ड विश्वविद्यालय र अस्ट्राजेनिकाले विकास गरेका हुन् । विश्वभर अस्ट्राजेनिकाको खोप करीब एक करोड १० लाख डोज लगाइएको छ, तर कुनै समस्या देखिएको छैन ।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले युरोपका कतिपय मुलुकमा अस्ट्राजेनिका खोप लगाउन रोकिए पनि आफ्ना नागरिकलाई खोप लगाउन आग्रह गरेका छन् ।

कोभिड–१९ को नियन्त्रणमा निकै कठिनाइ भइरहेकै अवस्थामा अस्ट्राजेनिकाको खोपको प्रभावकारितालाई लिएर मानिसमा त्रास बढेको छ ।

नर्वेको राजधानी ओस्लोमा कोरोना भाइरस फैलिन थालेपछि कडा प्रतिबन्धहरू घोषणा गरिएका छन्। यहाँ माध्यमिक विद्यालयहरू पनि बन्द गरिएका छन्। ओस्लोमा गत साता ठूलो सङ्ख्यामा कोरोना सङ्क्रमित भेटिएका थिए ।

ओस्लो नगरका मेयर रेमन्ड जोहान्सेनले महामारी फैलिएयता पहिलोपटक यो सबैभन्दा कडा प्रतिबन्ध रहेको जानकारी दिए। "यो निकै कठिन र कडा छ, तर यो अत्यावश्यक पनि छ।"

बोस्नियामा पनि कोभिड अस्पतालहरू भरिभराउ भएका छन् र सरकारले बाध्य भएर आपत्कालीन स्थितिको घोषणा गरेको छ ।

अस्पतालका निर्देशक सेबिजा इजेबेगोभिकले फेसबूकमा लेखेको सन्देशमा अस्पतालका कर्मचारीहरू थकित भइसकेको उल्लेख छ। "हामी मानिसको जीवन बचाउन हरसम्भव प्रयत्न गर्नेछौं, तर परिस्थिति साँच्चिकै गम्भीर छ । हाम्रा बढीभन्दा बढी कर्मचारीहरू बिरामी पर्न थालेका छन् ।"

इटालीका अधिकांश स्थानमा सोमवार लकडाउन गरिएको छ। यहाँ स्कूल, रेस्टुराँ, पसल र सङ्ग्रहालयहरू सबै बन्द गरिएका छन्। जर्मनीमा सघन उपचारमा संलग्न चिकित्सकहरूले देशमा कोभिडको तेस्रो लहर शुरू हुने खतरा देखिएको भन्दै तत्काल नयाँ प्रतिबन्धहरू घोषणा गर्न अपील गरेका छन् ।

ब्रजीलका राष्ट्रपति जेयर बोल्सोनारोले सोमवार नयाँ स्वास्थ्यमन्त्री नियुक्त गरेका छन्। यहाँ पनि कोभिडका नयाँ बिरामीको सङ्ख्या बढ्नुका साथै कोभिडको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या पनि बढेको छ ।

कोरोना भाइरस महामारी नियन्त्रणका लागि खोप प्रभावकारी हुन सक्ने भन्दै खोप निर्माणमा अभूतपूर्व प्रयत्न गरिएको थियो, र अहिले विश्वसमक्ष केही विकल्पहरू तयार भइसकेका छन् ।

तर निर्यात नियन्त्रण, कूटनीतिक असमझदारी र उत्पादनसँग सम्बन्धित मामिलाका कारण खोपको उपलब्धतामा प्रभाव परिरहेकै अवस्थामा अस्ट्राजेनिकाको प्रयोग स्थगनले अर्को समस्या थपेको छ ।

जर्मनीका अर्थमन्त्रीले जोन्सन एन्ड जोन्सनको खोप उत्पादन जर्मनीको आइडिटी बायोलोजिकाले उत्पादन गर्न लागेकाले त्यसबाट युरोपलाई फाइदा पुग्ने बताए ।

साथै रसियाको स्पुतनिक भी खोपका निर्माताहरूले केही प्रमुख युरोपेली मुलुकमा आफ्नो खोप उत्पादन हुने चरणमा रहेको बताएका छन् ।

चीनले पनि कोभिडका खोपहरू विकास गरेको छ र विश्वका धेरै मुलुकमा बिक्री गरिरहेको छ। चीनका खोपहरू युरोप, मध्यपूर्व र दक्षिण अमेरिका पुगेका छन् ।

सोमवार चीनले संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनाका लागि तीन लाख डोज उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । भारतले यसअघि नै शान्ति सेनाका लागि दुई लाख डोज दिने बताइसकेको छ। तर दुवै मुलुकले शान्ति सेनालाई कुन खोप दिने हुन् भन्ने खुलाएका छैनन् ।

चीनले कोरोना भाइरसलाई लगभग नियन्त्रणमा ल्याइसकेको छ, तर विदेशबाट कोभिड भित्रिने आशङ्कामा कडा यात्रा नियमहरू लगाइरहेको छ । तर खोप लगाएका फिलिपिनी नागरिकका लागि चीन भ्रमणलाई खुकुलो बनाएको सोमवार चीनले घोषणा गरेको छ ।

यसैबीच, ब्रजीलले फाइजरको १० करोड डोज खोप खरीद गर्न कम्पनीसँग सम्झौता गरेको छ। ब्रजीलको स्वास्थ्य मन्त्रालयले जोन्सन एन्ड जोन्सनबाट पनि थप ३ करोड ८० लाख डोज खोप किन्न लागेको जनाएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – उदरपीडा |
| कुम्भ – राज्यलाभ | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
– 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

### देशको चालू खाता....

अघिल्लो वर्षको सोही अवधिमा १९ करोड ११ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ८१ करोड ७६ लाखले बचतमा रहेको छ ।

यसैगरी, गत माघ मसान्तसम्म रु १४ खर्ब ६२ अर्ब तीन करोड बराबरको विदेशी विनिमय सञ्चिति छ। गत असार मसान्तमा रु १४ खर्ब एक अर्ब ८४ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति थियो। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा ११ अर्ब ६५ करोड रहेकोमा गत माघ मसान्तमा आठ प्रतिशतले वृद्धि भई १२ अर्ब ५७ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १२ खर्ब २६ अर्ब १२ करोड रहेकोमा गत माघ मसान्तमा पाँच प्रतिशतले वृद्धि भई रु १२ खर्ब ८७ अर्ब ५० करोड पुगेको छ।

### तेस्रो चरण पेट्रोलियम....

तयारी रहेको भएपनि चीनबाट आएको प्राविधिक टोली फर्केपछि कोरोना महामारी शुरू भएकाले पेट्रोलियम पदार्थ उत्खननको काम रोकिएको थियो। नेपाल सरकारसँगको सम्झौता अनुसार चीन सरकारको प्राविधिक टोलीले पहिलो चरण अन्तर्गतको सेस्मिक, जियोलोजिकल, म्याग्नेटो टेल्युरिक, जिओ केमिकल स्याम्पलिङ गरी चारवटा सर्भेका काम तोकिएकै समयमा सकाएको डा त्रिपाठीले बताए ।

प्रधानमन्त्री रहेका केपीशर्मा ओलीको चीन भ्रमणका बेला दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्ने चीन सरकारसँग सहमति भएको थियो।

सहमति अनुसार नेपाल सरकार खानी तथा भूगर्भ विभागका महानिर्देशक सोमनाथ सापकोटा र चीन सरकारको जिओलोजिकल सर्भे कम्पनीबीच दुई अर्ब ४० करोड आर्थिक तथा प्राविधिक सहयोगमा दैलेखमा पेट्रोलियम खानी अन्वेषण उत्खनन गर्ने सम्झौता भएको थियो। दैलेखमा सदिऔंदेखि ज्वाला बल्दै आएका श्री स्थान, नाबिस्थान, पादुका, तल्लो डुङ्गेश्वरलगायतका क्षेत्रलाई आधार मानी चीनको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन टोलीले काम गर्दै आएको थियो।

### मदिरा उत्पादन र सेवन...

नियमन तथा व्यवस्थापन समिति गठनको व्यवस्थासमेत गर्न लागेको जनाएको छ। "नगरसभाबाट पारित भएको यो ऐनलाई राजपत्रमा प्रकाशन गर्ने तयारी भइरहेको छ," नगर उपप्रमुख लक्ष्मी दनुवारले भनिन्, "राजपत्रमा प्रकाशित भएपछि स्वतः कार्यान्वयनमा आउनेछ ।" ऐनविपरीत कार्य गरेबापत सङ्कलन भएको रकममध्ये २५ प्रतिशत सुरक्षा व्यवस्थापनमा, २५ प्रतिशत शिक्षा र स्वास्थ्य क्षेत्रमा, १५ प्रतिशत सुराकीलाई, १५ प्रतिशत सूचनामा र २० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिने व्यवस्था रहेको नगरपालिकाले जनाएको छ।

### चिनियाँ सामग्री सीधैं....

समयमैं उपस्थित नहुँदा भन्सार जाँचपास भने हुन सकेको छैन।

उनले मालसामान बोकिआएका करीब ८० वटा मालवाहक ट्रक/कन्टेनर भन्सार हातामा रहेको जानकारी दिए। सामान आयात गर्ने व्यापारीले आफ्नो कन्टेनरमा रहेको सामानका नाम र परिमाण घोषणाको फाराम भर्ने प्रावधान रहेको छ । भन्सार जाँचकीले ती सामग्रीको परीक्षण गरी भन्सार शुल्क यकीन गर्दछन्।

बिग्रने वस्तुमा पर्ने लसुन बोकी आएका केही कन्टेनर भने जाँचपास गरी छोडिएको बताइएको छ । भन्सार शुल्कबापतको राजस्वतर्फ गत फागुन २१ गतेदेखि करीब तीन करोड मात्र सङ्कलन भएको कार्यालयले जनाएको छ।

कोभिड–१९ को सङ्क्रमण रोकथाम गर्न केरुङसम्मको आउजाउ बन्द भएपनि नेपाली बजारका लागि मालसामान भने मितेरी पुलमा पुऱ्याइ चिनियाँ पक्षले निरन्तर सहयोग गरिरहेको बताइन्छ।

हाल आयात भएका सामग्रीमा विद्युतीय उपकरण, तयारी पोशाक, जुत्ता चप्पललगायत विविध छन्।

प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

### कृषि ज्ञान केन्द्र, पर्सा, वीरगंज

### कम्पाउन्डवाल मर्मत सुधार तथा कार्यालय आवास भवन मर्मत सम्भारसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

***दोस्रोपटक प्रथमपटक प्रकाशित मिति २०७७/१२/०४ गते***

१. यस कृषि ज्ञान केन्द्रको श्रीपुर वीरगंजस्थित कार्यालयको कम्पाउन्डवाल तथा कार्यालय परिसरमा रहेको आवास भवनहरू मर्मत सम्भार गर्नुपर्ने भएकाले तपसिलमा उल्लेख भए अनुसार कार्य गर्न इच्छुक र इजाजतपत्रप्राप्त निर्माण व्यवसायी फर्म कम्पनीले देहाय बमोजिमका शर्तमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।
२. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन मिति २०७७/१२/१८ गतेसम्म यस कृषि ज्ञान केन्द्रमा सम्बन्धित इजाजतप्राप्त निर्माण व्यवसायी वा अधिकारप्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र, आव २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु १०००/– (एक हजार मात्र)को सिलबन्दी दरभाउपत्र दस्तुर (पछि फिर्ता नहुने) तिरी निवेदन साथ पेश गरी सिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ ।
३. खरीद गरिएको सिलबन्दी दरभाउपत्र फारामका महलहरू स्पष्टरूपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथमपटक सूचना प्रकाशन भएको मितिले १६औं दिन मिति २०७७/१२/१९ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिनेछ ।
४. सिलबन्दी दरभाउपत्र फाराम साथ जमानतबापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, वीरगंज शाखा आदर्शनगरमा रहेको धरौटी खाता नं. १२५०१००२०२०३०००० मा कार्यालय कोड ३१२०१२२०१२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कृषि ज्ञान केन्द्र पर्साको नाममा जारी भएको नेपाल सरकार, नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको वाणिज्य बैंकको इजाजतप्राप्त बैंकबाट सिलबन्दी दरभाउपत्र खोल्ने मितिले ७५ दिनको म्याद भएको बिडबन्ड संलग्न गर्नुपर्नेछ ।
५. १६औं दिन मिति २०७७/१२/१९ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरू सोही दिनको १४ बजे यस केन्द्रमा सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति र कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र फारामहरू खोल्न बाधा पर्नेछैन । सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू बिदापछि कार्यालय खोलिएको दिनमा सोही समयमा हुनेछ।
६. प्राप्त भएका सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रीत नपुगेका र म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र फारामहरूउपर कुनै कारबाई हुनेछैन ।
७. सिलबन्दी दरभाउपत्र फारामहरूका प्रत्येक आइटमको दररेट भ्याटबाहेक अङ्क र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
८. सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू सिलबन्दी दरभाउपत्र फारामहरूमा उल्लेख गरे अनुसार हुनेछन् ।
९. सिलबन्दी दरभाउपत्रसम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँसिनेछ ।
१०. सिलबन्दी दरभाउपत्रसम्बन्धी थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्र, पर्सामा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | कामको नाम | लगत अनुमान रकम | फाराम दस्तुर | जमानत रकम रु |
|---|---|---|---|---|
| ०२/२०७७–०७८ | कार्यालयको कम्पाउन्डवाल मरम्मत सुधार | ८,४९,५१२/९६ | १,०००/– | २३,०००/– |
| ०३/२०७७–०७८ | कार्यालय परिसरमा रहेका आवास भवनहरू मरम्मत सम्भार | ९,४०,४५१/३३ | १,०००/– | २५,५००/– |

नेपाल सरकार
गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हेडक्वाटर, मनकामना, तनहुँ**

### हाजिर हुन आउनेबारेको सूचना

देहायमा उल्लिखित विवरणका सशस्त्र प्रहरी कर्मचारी उल्लिखित मिति २०७७/११/०३ गतेदेखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराइ हालसम्म कार्यालयमा गैरहाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ७ (सात) दिनभित्र गैरहाजिर रहनुको मनासिब कारणसहित सम्बन्धित सशस्त्र प्रहरी बलका कार्यालयहरूमा सम्पर्क गर्न आउनुहोला। अन्यथा तपाईंउपर सशस्त्र प्रहरी नियमावली २०७२ बमोजिम कारबाई भइजाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईंलाई जानकारी गराइएको छ।

निम्नः–

| सि.नं. | आइ.डी. नं. | दर्जा | नाम थर | बाबुको नाम | दरबन्दी | वतन | गैरहाजिर मिति | सूचना जारी गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५४२०८ | सप्रज | नवीन कार्की | चन्द्रबहादुर कार्की | स.प्र. बल नेपाल नं. २३ गण हे.क्वा., मनकामना, तनहुँ | जिल्ला पर्सा, पर्सागढी नगरपालिका–३ | २०७७/११/०३ | स.प्र. बल नेपाल नं. २३ गण हे.क्वा., मनकामना, तनहुँ |

# अध्यक्ष फरार भएपछि पालिकाको काम ठप्प

प्रस, जनकपुरधाम, ३ चैत/

घूसकाण्डमा गाउँपालिकाका अध्यक्ष फरार भएपछि पालिकाको काम प्रभावित भएको छ। ८ लाख घूस रकम फालेर फर्किएका छैनन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय टोलीबाट संयोगवश उम्किएका पालिका अध्यक्ष राउतलाई





अध्यक्ष डम्मबरबहादुर राउत

विगत १५ दिनदेखि फरार धनुषाको बटेश्वर गाउँपालिकाका अध्यक्ष डम्मबरबहादुर राउत अझै कार्यालयमा पक्राउ गरी कारबाई गर्नुपर्ने स्थानीयको माग छ। तीन वर्षयता भएको सम्पूर्ण विकास निर्माणको हिसाब सार्वजनिक गर्नुपर्नेलगायतका माग राखी स्थानीय आन्दोलित छन् । उनीहरूले गाउँपालिकाका अध्यक्ष, प्रशासकीय अधिकृत, योजना र लेखा शाखामा तालाबन्दी गरेका छन्। फरार अध्यक्ष राउतको खोजी जारी रहेको धनुषाका प्रहरी नायब उपरीक्षक मकेन्द्र मिश्रले बताए । राउत सम्पर्कमा नआउँदा गाउँपालिकाको कामकाज ठप्प भएको छ। कर्मचारीहरू कार्यालय जाने र फर्कने गरेका छन्।

गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत रुद्रनारायण यादव पनि घटनापछि कार्यालयमा आएका छैनन्। उनी मोबाइलको स्वीच अफ गरेर बसेका छन् । सञ्चारकर्मीले सम्पर्क गर्न खोज्दासमेत अधिकृत यादवको मोबाइलमा सम्पर्क हुन सकेको छैन।

गाउँपालिकाको कामकाज नियमित गराउन बितेको आइतवार धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलासँग वडाध्यक्षहरूले छलफल गरेको भए तापनि हालसम्म कुनै निचोडमा पुग्न नसकिएको जिप्रका धनुषाले जनाएको छ।

### जिल्ला प्रशासनबाट.....

अहिले सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलको अगुवाइमा सबै काम भइरहेको प्रजिअ तामाङले बताए।

मुआवजा तथा क्षतिपूर्ति निर्धारण उपसमितिले २०७६ सालमा १३ प्रकारका जग्गाको वर्गीकरण गर्दै कट्ठाको रु ४० लाखदेखि ६७ लाखसम्म मुआवजा निर्धारण गरेको थियो । ६२ बिघा जग्गाको मुआवजा वितरण गर्नको लागि कम्तीमा रु ६–७ अर्ब आवश्यकता पर्छ तर अहिले १ अर्ब ५० करोड रकम मात्र जिल्ला प्रशासन कार्यलयको खातामा आएको छ।

### वडा कार्यालय भवन....

थियो। उपभोक्ता समिति गठन गरेर सो रकमबाट भवन निर्माणको अधूरो काम अगाडि बढाउनुपर्नेमा वडासदस्य रामप्रसाद पाठकले वडाध्यक्ष समसुद्दीन शाह देवानलाई बेवास्ता गरी उपभोक्ता समिति बनाएपछि विवाद भएको हो।

गत वर्षदेखि शुरू भएको सो भवन निर्माणको काम यस वर्ष आएको बजेटबाट वडा नं ४ मा रहेको ९ वटा टोलका मानिसलाई सहभागी गराइ उपभोक्ता समिति बनाउनुपर्ने वडाध्यक्ष देवानको भनाइ छ । तर वडासदस्य पाठकले आफन्तहरूलाई सहभागी गराएर उपभोक्ता समिति बनाएको कारण वडाध्यक्षले सो समितिलाई अवैधानिक ठहर गरेपछि मङ्गलवार वडासदस्य पाठकविरुद्ध स्थानीयहरूले होहल्ला गरेका थिए।

नगरप्रमुख लोकनारायण यादवले तत्काल काम रोक्न अथवा आफूले सो विवाद मिलाएपछि मात्र काम शुरू गर्न निर्देशन दिएका छन्। वडा कार्यालय भवन निर्माणको लागि गत वर्ष रु साढे २१ लाख विनियोजित भएको थियो।

# खाद व्यापारीको गोली हानी हत्या

राजेश केसरीवाल, रक्सौल, ३ चैत/

भारत, बिहारको हरसिद्धि मटिअर्वामा एकजना व्यापारीको गोली



तस्वीरः प्रतीक

हानी हत्या गरिएको छ।

आफ्नै खादपसलमा बसिरहेका पवन गुप्तालाई दुईवटा मोटरसाइकलमा आएका चारजनाले गोली प्रहार गरेका थिए। गोली प्रहार गरी भाग्ने क्रममा स्थानीयवासीले एकजनालाई पक्राउ गरेको छ।

घटनाको विरोधमा स्थानीयवासीले सडकमा चक्काजाम गर्नुका साथै गोली प्रहार गर्ने समूहको एउटा मोटरसाइकल जलाइदिएका थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|




# खेलकूदको संसार

## मेयर कप क्रिकेट मनकामनाले जित्यो

प्रस, वीरगंज, ३ चैत/

वीरगंज महानगरपालिकाद्वारा आयोजित दोस्रो मेयर रनिङ शिल्ड प्रतियोगिताको उपाधि मनकामना माविले जितेको छ। वीरगंजको आदर्शनगर रङ्गशालामा मङ्गलवार भएको फाइनल खेलमा साउथजोन माविलाई ५८ रनअन्तरले पराजित गर्दै मनकामनाले उपाधि उचालेको हो।

टस जितेर पहिले ब्याटिङ गरेको मनकामना माविले निर्धारित २० ओभरको खेलमा ७ विकेटको क्षतिमा ११४ रनको योगफल खडा गरेको थियो। मनकामनाका असीम अविरीले २२, सन्नीले १८ र असरफ मन्सुरीले १६ रनको योगदान दिएका



तस्वीरः सौजन्य

थिए।

११५ रनको विजयी लक्ष्यसहित जवाफी ब्याटिङ गरेको साउथजोनले १६ ओभर ५ बलमैं पूरा विकेट गुमाएर ५९ रनमा सीमित रह्यो। फाइनल खेलको 'म्यान अफ दि म्याच' मनकामनाका शिवम गुप्ता घोषित भए।

विजेता टीमलाई वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले शिल्ड तथा प्रमाणपत्र प्रदान गरेका थिए।

सो अवसरमा नगरप्रमुख सरावगीले महानगरपालिकाले खेलकूद क्षेत्रलाई प्राथमिकतामा राखेर दक्ष र उत्कृष्ट खेलाडी उत्पादन गर्ने लक्ष्य राखेको बताए। प्रतियोगिता फागुन १९ गतेदेखि शुरू भएको थियो। प्रतियोगितामा महानगर क्षेत्रका २६ वटा विद्यालयले प्रतिस्पर्धा गरेका थिए।

## खेलाडीहरूको मनोबल बढाउन निरन्तर सहयोग गर्नेछु –नेता पटेल

प्रस, वीरगंज, ३ चैत/

जनता समाजवादी पार्टीका नेता शिव पटेलले मङ्गलवार बहुदरमाई नगरपालिकाका क्रिकेट खेलाडीहरूलाई पोशाक एवं खेल सामग्री वितरण गरेका छन्।



नेता पटेलका बुबा स्व रामबहादुर राउत कुर्मीको नाममा स्थापित "रामबहादुर राउत फाउन्डेशन"मार्फत सो सामग्री वितरण गरिएको क्रिकेट टीमका कप्तान रामेश्वर पटेलले बताए।

कार्यक्रममा नेता पटेलले बहुदरमाई नगरपालिका क्षेत्रभित्रका खेलाडीको मनोबल बढाउन आफू सदैव सहयोग गर्न तत्पर रहेको बताउँदै खेलाडीलाई सभ्य र भव्यरूपले प्रतियोगितामा प्रदर्शन गर्न शुभकामनासहित जीत हासिल गर्न आग्रह गरे।

# ठोरी कृषि तथा सांस्कृतिक महोत्सवको तयारी शुरू

प्रस, ठोरी, ३ चैत/

पर्साको ठोरी गापा–४ आठघरेमा यही चैत १२ देखि २२ गतेसम्म हुने ठोरी कृषि तथा सांस्कृतिक महोत्सव–२०७७ को तयारी शुरू भएको छ।

चौतारी कृषि सहकारी संस्था लिमिटेड ठोरी–४ को आयोजनामा सञ्चालन हुन लागेको महोत्सवको द लिड इन्टरटेनमेन्ट एन्ड एडभरटाइजिङ वीरगंज सहप्रायोजक र इभेन्ट व्यवस्थापक प्रदेश मिडिया प्रालि रहेको आयोजकले मङ्गलवार पत्रकार सम्मेलन गरेर जानकारी गराएको छ।

बाल उद्यानलगायत एक सयभन्दा धेरै व्यापारिक स्टल, खानाका विभिन्न परिकार र दैनिक राष्ट्रिय तथा स्थानीय




तस्वीरः प्रतीक

ठोरी गाउँकार्यपालिका कार्यालय घ्याङ्डाँडामा आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष निमा लामाले ठोरी क्षेत्रको पर्यटन तथा कृषि बजार प्रवर्धन एवं विविध सांस्कृतिक पक्ष उजागर गर्नका लागि महोत्सव सहयोगी हुने विश्वास व्यक्त गरे।

महोत्सवमा कृषि, मनोरञ्जनात्मक कलाकारहरूको प्रस्तुति रहने जनाइएको छ। सो अवसरमा ठोरी डान्स आइडल–२०७७ को आयोजनाको तयारी पूरा भएको आयोजक समितिले जनाएको छ।

पत्रकार सम्मेलनमा वडाध्यक्ष बईबहादुर तामाङ, महोत्सव संयोजक सागर लामालगायतको सहभागिता थियो।

# लुटिएको ट्रकसहित चारजना पक्राउ



तस्वीरः प्रतीक

राजेश केसरीवाल, रक्सौल, ३ चैत/

भारत, बिहारको रक्सौल र बरेली प्रहरीले लुटिएको ट्रकसहित चारजनालाई पक्राउ गरेको छ।

१८ फेब्रुअरीका दिन शिवम् रिफाइनरी प्रालिबाट बरेलीतर्फ गइरहेको भारु २१ लाख मूल्य बराबरको सोयाबिन तेल लोड भएको ट्रक गन्तव्यमा पुग्नुभन्दा पहिले गायब भएको थियो।

रक्सौल र बरेली प्रहरीको टोलीले अनुसन्धान गर्ने क्रममा ट्रक बरामद गर्नुका साथै ६८३ टीन रिफाइनरी तेल र भारु ७ लाख ४० हजार नगदसहित चारजनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको इन्स्पेक्टर रणधीर कुमारले जानकारी गराए।

# इँटाभट्टामा खसेर सञ्चालक गम्भीर घाइते

प्रस, वीरगंज, ३ चैत/

इँटाभट्टामा खसेर सञ्चालक गम्भीर घाइते भएका छन्।

सखुवाप्रसौनी गाउँपालिका–२ श्रीपुर पंचगावाँका ३१ वर्षीय कलाम मियाँ आफ्नै इँटाभट्टामा खसेका थिए । वीरगंज महानगरपालिका–३१ बेलवामा रहेको केबिआई इँटा उद्योगको भट्टीमा खसेपछि मियाँको शरीरको ५० प्रतिशत भाग जलेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए । वयोधा अस्पतालमा उनको उपचार हुन नसकेपछि थप उपचारका लागि काठमाडौं पठाइएको छ। इँटाभट्टा सञ्चालनमा रहेको बेला मियाँ भट्टीको माथिल्लो भागमा पुगेर कामदारसँग कुराकानी गरिरहँदा तलको भाग धसेपछि उनी आगोमा खसेका थिए।